# gkfn b"/;~rf/ k|flws/0f

jflif{s k|t j]bg cflys{ jif{

२0&).&!

# नेपाल दूरसंचार प्राधिकरणका अध्यक्ष /सदस्यहरु



[1]अध्यक्ष

श्री दिगम्बर झा



सदस्य

श्री महेश प्रसाद अधिकारी



सदस्य

श्री अनिल कुमार ढुङ्गेल



सदस्य

श्री धनराज ज्ञवाली



सदस्य

श्री टिका प्रसाद उप्रेती

[1] नेपाल दूरसञ्चार प्राधिकरण मिति २०७१।०७।२७ मा पूर्णता पाएको ।

# विषय सूची



| | | |
|---|---|---|
| | **भाग १ परिचय** | |
| १ | नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना | १ |
| २ | प्राधिकरणको गठनसम्बन्धी व्यवस्था | १ |
| ३ | प्राधिकरणको काम कर्तव्य र अधिकार | २ |
| | ३.१ काम र कर्तव्य | २ |
| | ३.२ अधिकार | ३ |
| ४ | प्राधिकरणको गठन | ३ |
| ५ | नेपाल दूरसञ्चार प्राधिकरणको संक्षिप्त संगठनात्मक स्वरुप | ४ |
| | **भाग २ आ.व. २०७०/७१ मा प्राधिकरणले गरेका कार्यहरु** | |
| १ | अनुमतिपत्र सम्बन्धमा | ५ |
| | १.१ अनुमतिपत्र प्रदान गर्ने | ५ |
| २ | स्पेक्ट्रम व्यवस्थापन सम्बन्धमा | ५ |
| | २.१ फ्रिक्वेन्सी प्रदान गर्ने | ५ |
| | २.२ अध्ययन | ६ |
| | २.३ स्पेक्ट्रम मोनिटरिङ्ग | ६ |
| | २.४ फ्रिक्वेन्सी दस्तुर सम्बन्धी बिवरण | ७ |
| ३ | रोयल्टी दस्तुर सम्बन्धमा | ९ |
| ४ | ग्रामीण दूरसञ्चार विकास र ग्रामीण दूरसञ्चार विकास कोष परिचालन सम्बन्धमा | १० |
| | ४.१ ग्रामीण दूरसञ्चार विकास कोष | १० |
| | ४.२ ग्रामीण दूरसञ्चार विकास कोष सम्बन्धमा गरिएका मुख्य कार्यहरु | १३ |
| | ४.३ अन्य कार्यक्रम सम्बन्धी बिवरण | १३ |
| ५ | नम्बरिङ्ग व्यवस्थापन सम्बन्धमा | १३ |
| ६ | उपकरणको स्तर निर्धारण (Type Approval) सम्बन्धमा | १४ |
| | ६.१ आ.व. २०७०/७१ मा प्राधिकरणबाट स्तर निर्धारण (Type Approval) गरिएका उपकरण सम्बन्धी बिवरण | १४ |
| | ६.२ अध्ययन | १४ |
| ७ | ICT Development सम्बन्धमा | १५ |

| | | |
|---|---|---|
| ८ | अध्ययन अनुसन्धान सम्बन्धमा | १५ |
| ९ | उपकरण आयात सिफारिस सम्बन्धमा | १६ |
| १० | विदेशी मुद्रा सिफारिस सम्बन्धमा | १७ |
| ११ | टेलिफोन सेवाको महशुलदर सम्बन्धमा | १७ |
| १२ | बिवाद समाधान सम्बन्धमा | १८ |
| १३ | उपभोक्ता सचेतना कार्य सम्बन्धमा | १८ |
| १४ | अनुगमन तथा निरिक्षण सम्बन्धमा | १९ |
| | १४.१ अनुगमन निरिक्षण गरिएका इन्टर्नेट सेवा प्रदायकहरुको बिवरण | १९ |
| | १४.२ अनुगमन निरिक्षण गरिएका नेटवर्क सेवा प्रदायकहरुको बिवरण | १९ |
| १५ | जनशक्ति विकास सम्बन्धमा | २० |
| १६ | तालिम सम्बन्धमा | २० |
| १७ | गुनासो ब्यवस्थापन सम्बन्धमा | २२ |
| १८ | अन्तर्क्रिया, बैठक तथा सेमिनार सम्बन्धमा | २२ |
| १९ | प्राधिकरणका प्रमुख निर्णयहरु | २४ |
| २० | अन्य | २४ |
| | **भाग ३ प्राधिकरणको आर्थिक स्थिति** | **२६** |
| | **भाग ४ आ.व. २०७०/७१ मा भएको दूरसञ्चार क्षेत्रको विस्तार तथा प्रगति** | **२८** |
| १ | दूरसञ्चार तथ्याङ्क एक झलक | २८ |
| २ | मुख्य Voice टेलिफोन सेवा प्रदायकहरुको संक्षिप्त बिवरण | ३० |
| | २.१ नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ३० |
| | २.२ युनाईटेड टेलिकम लिमिटेड | ३१ |
| | २.३ एस.टि.एम. टेलिकम सञ्चार प्राइभेट लिमिटेड | ३१ |
| | २.४ एनसेल प्राइभेट लिमिटेड | ३२ |
| | २.५ नेपाल स्याटेलाइट टेलिकम प्राइभेट लिमिटेड | ३३ |
| | २.६ स्मार्ट टेलिकम प्राइभेट लिमिटेड | ३४ |
| | **भाग ५ दूरसञ्चार क्षेत्रको बिद्यमान चुनौती र भावि कदम** | **३५** |
| | **अनुसूचीहरु** | |
| **अनुसूची-१** | नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृत संगठन तालिका | ३९ |
| **अनुसूची-२** | शुरु देखि आ.व. २०७०/७१ सम्मको अनुमतिपत्र सम्बन्धी कार्य | ४० |

| | | |
|---|---|---|
| **अनुसूची-३** | आ.व. २०७०/७१ मा प्रदान गरिएका अनुमतिपत्रको बिवरण | ४१ |
| **अनुसूची-४** | प्राधिकरणबाट आ.व. २०७०/७१ प्रदान गरिएका Short Codes/USSD को बिवरण | ४७ |
| **अनुसूची-५** | प्राघिकरणबाट हालसम्म गुणस्तर निर्धारण (Type Approval गरिएका उपकरणहरुको बिवरण | ५१ |
| **अनुसूची-६** | आ.व. २०७०/७१ मा प्राधिकरणबाट स्वीकृत Voice सेवा प्रदायकहरुको महशुल दर | ५२ |
| **अनुसूची-७** | प्राधिकरणका विभाग, शाखा र त्यसमा कार्यरत कर्मचारीहरुको बिवरण | ५५ |
| **अनुसूची-८** | आ.व.२०७०/७१ मा प्राधिकरणबाट भएका प्रमुख निर्णयहरुको सारसंक्षेप | ५८ |
| **अनुसूची–९** | लेखा परिक्षणको लागि तयार गरिएको नाफा नोक्सान बिवरण (अपरिष्कृत) | ६९ |
| **अनुसूची–१०** | आ.व. २०७०/७१ सम्मको वासलात (अन्तिम लेखा परीक्षण हुन बाँकी) | ७१ |

# भाग-१

## परिचय

### १. नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले यस सम्बन्धी कार्यलाई अझ ब्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ बमोजिम मिति २०५४ फागुन २० गते नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) को स्थापना भयो।

### २. प्राधिकरणको गठन सम्बन्धी व्यवस्था

नेपाल दूरसञ्चार प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा परीक्षण वा कानूनी क्षेत्रमा तोकिए बमोजिम योग्यता र अनुभव भएका व्यक्तिहरु मध्येबाट एकजना पूर्णकालीन अध्यक्ष सहित ५ जना सदस्य रहनेछन्। प्राधिकरणमा दूरसञ्चार सेवा सम्बन्धी प्राविधिक, प्रशासनिक, बजार ब्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानूनको क्षेत्रमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा अध्यक्षको हकमा कम्तीमा १० वर्ष र सदस्यहरूको हकमा कम्तीमा ७ वर्षको अनुभव प्राप्त गरेको हुनु पर्दछ।

प्राधिकरणका अध्यक्ष तथा सदस्यहरूका नियुक्तिको लागि सिफारिश गर्न नेपाल सरकारले सम्बद्ध क्षेत्रका विज्ञहरू समेत रहेको एक समिति गठन गर्ने र उक्त समितिले दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) र दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा तोकिएको योग्यता र अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट उपयुक्त व्यक्ति छनौट गरी नेपाल सरकारमा सिफारिश पेश गर्ने गर्दछ। सोही सिफारिशको आधारमा नेपाल सरकारद्वारा नियुक्ति गर्ने व्यवस्था रहेको छ।यसरी नियुक्त भएका अध्यक्ष तथा सदस्यहरूको पदावधि ५ वर्षको हुन्छ र निजहरूको कार्यकाल समाप्त भए पश्चात् समितिले अध्यक्ष तथा सदस्यको काम सन्तोषजनक देखाई पुनः नियुक्तिको लागि सिफारिश गरेमा नेपाल सरकारले निजलाई अध्यक्ष तथा सदस्यमा पुनः नियुक्त गर्न सक्ने ब्यवस्था रहेको छ।

## ३. प्राधिकरणको काम, कर्तव्य र अधिकार

### ३.१ काम र कर्तव्य

दूरसञ्चार ऐन, २०५३ को दफा १३ ले प्राधिकरणलाई देहाय बमोजिमको कार्य सुम्पिएको छ।

क. दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

ख. दूरसञ्चार सेवा तथा सुविधा सर्वसुलभ र भरपर्दो बनाउने।

ग. आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपाल राज्यभर शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक ब्यवस्था गर्ने।

घ. दूरसञ्चार सेवा संचालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरुलाई सहभागी बनाउने।

ङ. दूरसञ्चार सेवा र सुविधा सर्वसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने।

च. दूरसञ्चार सेवा र दूरसञ्चार सम्वन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने।

छ. दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने।

ज. दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र दिने।

झ. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने।

ञ. रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिद्वारा निर्धारित नीति अनुरुप फ्रिक्वेन्सी सम्वन्धी काम गर्ने।

ट. दूरसञ्चारको क्षेत्रमा नयां प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने।

ठ. दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने।

ड. उपभोक्ताहरुको हकहितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने।

ढ. दूरसञ्चारका सम्वन्धमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रुपमा विकास गर्ने, गराउने।

ण. दूरसञ्चार सेवाको विकास र प्रवर्द्धनको लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने।

३.२ अधिकार

दूरसञ्चार ऐन, २०५३ को दफा १३ ले प्राधिकरणलाई देहाय बमोजिमको अधिकार प्रदान गरेको छ।

क. दूरसञ्चार सम्वन्धी यन्त्र, उपकरण तथा सुविधाहरुको गुणस्तर निर्धारण गर्ने।

ख. सरकारी नीति निर्देशनलाई ध्यानमा राखी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।

ग. दूरसञ्चार सेवा प्रदायकहरु बीच र सेवा प्रदायक र ग्राहक बीच पर्ने विवाद समाधान गर्ने।

घ. दूरसञ्चार सेवाको निरीक्षण र जांचबुझ गर्ने।

ङ. अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवं दण्ड जरिवाना गर्ने।

च. सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिश गर्ने।

छ. क्षतिपूर्ति निर्धारण गर्ने।

ज. सेवा प्रदायकलाई अरुको घर जग्गा उपयोग वा प्राप्तीका लागि आवश्कतानुसार नेपाल सरकारलाई सिफारिश गर्ने।

झ. दूरसञ्चार ऐन, २०५३ को दफा ५२ बमोजिम निर्देशिका बनाई लागू गर्ने।

ञ. दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम आवश्यक बिनियम बनाउने।

## ४. प्राधिकरणको गठन

दूरसञ्चार ऐन, २०५३ बमोजिम प्राधिकरणमा अध्यक्ष सहित ५ जना सदस्यहरु रहने ब्यवस्था रहेको र अध्यक्ष तथा सदस्यको पदावधी ५ वर्षम्म रहने व्यवस्था छ। जस अनुसार हाल कार्यरत अध्यक्ष तथा सदस्यहरुका बिवरण निम्न बमोजिम रहेको छ।

| नाम | पद | नियुक्ति मिति |
|---|---|---|
| श्री दिगम्वर झा[2] | अध्यक्ष | २०६९।०८।१९ |
| श्री महेशप्रसाद अधिकारी | सदस्य | २०६८।११।०४ |
| श्री अनिल कुमार ढुङ्गेल | सदस्य | २०६८।११।०४ |
| श्री धनराज ज्ञवाली | सदस्य | २०६९।०८।१९ |

[2] सर्वोच्च अदालतको २०७१।७।१० को निर्णयबाट अध्यक्षको नियुक्ति विरुद्ध परेको रिट खारेजी भई २०७१।७।१३ बाट कार्यालय हाजिर भई काम काज गर्न शुरु गरेको ।

## ५.	नेपाल दूरसञ्चार प्राधिकरणको संक्षिप्त संगठनात्मक स्वरुप




संगठनात्मक स्वरुपको पूर्ण स्वरुप अनुसूची–१ मा राखिएको छ ।

# भाग-२

## आ.व. २०७०/७१ मा प्राधिकरणले गरेका प्रमुख कार्यहरु

प्राधिकरणले आ.व. २०७०/७१ मा गरेका मुख्य कार्यहरु निम्न अनुसार रहेका छन्।

### १. अनुमतिपत्र सम्बन्धमा

अनुमतिपत्र सम्बन्धी प्रमुख कार्य अन्तर्गत अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने, खारेज गर्ने, नामसारी गर्ने र संशोधन गर्ने कार्यहरु रहेका छन्।प्राधिकरणको गठन देखि आ.व. २०७०/७१ को अन्त्य सम्म प्रदान गरिएका अनुमतिपत्र र खारेजीको पूर्ण बिवरण अनुसूची-२ मा दिईएको छ।

१.१ अनुमतिपत्र प्रदान गर्नेः

दूरसञ्चार ऐन २०५३ को दफा २१ को प्रावधान अनुरुप प्राधिकरणबाट अनुमतिपत्र नलिई कसैले पनि दूरसञ्चार सेवा सञ्चालन गर्न पाउने छैन। सोही ऐनको दफा २३ को उपदफा २ अन्तर्गत प्राप्त निवेदनको आधारमा ऐनको दफा २४ अनुरुप विभिन्न दूरसञ्चार सेवा सञ्चालनको लागि अनुसूची-३ बमोजिम अनुमतिपत्र प्रदान गरिएको छ।

### २. स्पेक्ट्रम व्यवस्थापन सम्बन्धमा

२.१ फ्रिक्वेन्सी प्रदान गर्नेः

२.१.१ एनसेल प्रा.लि.लाई देशका बिभिन्न स्थानहरुमा नेटवर्क बिस्तारका लागि ७.५ गिगाहर्ज, ८ गिगाहर्ज र १८ गिगाहर्ज ब्याण्डमा ४४३ वटा स्पट फ्रिक्वेन्सीहरु माइक्रोवेभ लिंक प्रयोजनका लागि प्रदान गरिएको।

२.१.२ स्मार्ट टेलिकम प्रा.लि.लाई आधारभुत दूरसञ्चार सेवा सञ्चालनको लागि 1800 MHz Band मा 2x12 MHz ब्याण्डविथको फ्रिक्वेन्सी प्रदान गरिएको।

२.१.३ नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई देशका बिभिन्न स्थानहरुमा नेटवर्क बिस्तारका लागि ८ गिगाहर्ज तथा १५ गिगाहर्ज ब्याण्डमा १०५१ वटा स्पट फ्रिक्वेन्सीहरु माइक्रोवेभ लिंक प्रयोजनका लागि प्रदान गरिएको।

## २.२ अध्ययनः

२.२.१ दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६९ मा सेवा प्रदायकहरुबाट प्राप्त प्रतिक्रिया, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएका निर्देशन, सूचना तथा सञ्चार मन्त्रालयसंग भएका पत्राचार एवं काम कारवाही समेतको अध्ययन गरी के गर्न उपयुक्त हुन्छ भनी सिफारिस गर्न एवं दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६९ मा तत्काल संशोधन गर्नु पर्ने बिषय यकिन गर्ने बारे अध्ययन गरिएको।

२.२.२ दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६९ को दफा १२ खण्ड (ख) को व्यवस्थानुसार BWA 2300 को फ्रिक्वेन्सी वितरण सम्बन्धमा इन्टर्नेट सेवा प्रदायकलाई फ्रिक्वेन्सी उपलब्ध गराउने विधि एवं सोको बढाबढ गर्ने प्रक्रिया, कार्यविधि र मापदण्ड निर्धारण गर्ने सम्बन्धमा अध्ययन भईरहेको।

## २.३ स्पेक्ट्रम मोनिटरिङ्गः

२.३.१ युनाइटेड टेलिकम लिमिटेडले प्रयोग गरेको CDMA Frequency को अनुगमन गरिएको।

२.३.२ नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई प्रदान गरिएको 3G फ्रिक्वेन्सीमा Interference भएको गुनासो सम्बन्धमा काठमाडौंमा बिभिन्न स्थानहरुमा फ्रिक्वेन्सी मोनिटरिङ्ग गरिएको।

२.३.३ एनसेललाई प्रदान गरिएको फ्रिक्वेन्सी मोनिटरिङ्ग गरिएको।

२.३.४ बिभिन्न इन्टर्नेट सेवा प्रदायकहरुले प्रयोग गरिरहेका Bandwidth निरिक्षण गरिएको।

## २.४ फ्रिक्वेन्सी दस्तुर सम्बन्धी बिवरणः

२.४.१ Voice सेवा प्रदायकहरुबाट असुल गरिएका फ्रिक्वेन्सी दस्तुरको बिवरणः

क. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

| क्र.सं. | बिवरण | फ्रिक्वेन्सी दस्तुर (रु.) |
|---|---|---|
| १ | आ.व. २०६३/६४ देखि आ.व. २०६६/६७ सम्मको 3G फ्रिक्वेन्सी दस्तुर | ७४,१२,७६,७१२।३० |
| २ | आ.व. २०६८/६९ को फ्रिक्वेन्सी दस्तुर | १०,३६,०५,०१२।२० |
| ३ | आ.व. २०६९/७० को फ्रिक्वेन्सी दस्तुर | २९,१६,८०,०००।०० |
| ४ | आ.व. २०७०/७१ को फ्रिक्वेन्सी दस्तुर | ७६,६३,८४,०००।०० |
| **जम्मा (रु.)** | | **१,९०,२९,४५,७२४।५०** |

ख. युनाइटेड टेलिकम लिमिटेड

| क्र.सं. | सेवा प्रदायक | फ्रिक्वेन्सी दस्तुर (रु.) |
|---|---|---|
| १ | आ.व. २०६८/६९ को फिक्वेन्सी दस्तुर | २,६६,६६६।६४ |
| २ | आ.व. २०६९/७० को फ्रिक्वेन्सी दस्तुर | १९,९२,०००।०० |
| ३ | आ.व. २०७०/७१ को फ्रिक्वेन्सी दस्तुर | ४,५०,००,०००।०० |
| **जम्मा (रु.)** | | **४,७२,५८,६६६।६४** |

ग. एनसेल प्रा. लि.

| क्र.सं. | सेवा प्रदायक | फ्रिक्वेन्सी दस्तुर (रु.) |
|---|---|---|
| १ | आ.व. २०६९/७० को फ्रिक्वेन्सी दस्तुर | १६,७२,२०,४२२।२६ |
| २. | आ.व. २०७०/७१ को फ्रिक्वेन्सी दस्तुर | ४४,५०,२७,८००।०० |
| **जम्मा (रु.)** | | **६१,२२,४८,२२२।२६** |

घ. नेपाल स्याटेलाईट टेलिकम प्रा. लि.

| क्र.सं. | सेवा प्रदायक | फ्रिक्वेन्सी दस्तुर (रु.) |
|---|---|---|

| | | |
|---|---|---|
| १ | आ.व. २०६८/६९ को फ्रिक्वेन्सी दस्तुर | ८,०२,१०,७११।१८ |
| २ | आ.व. २०६९/७० को फ्रिक्वेन्सी दस्तुर | १२,८२,८२,३६८।०० |
| ३ | आ.व. २०७०/७१ को फ्रिक्वेन्सी दस्तुर | १२,४८,००,०००।०० |
| | **जम्मा (रु.)** | **३३,३२,९३,०७९।१८** |

ङ. एसटिएम टेलिकम सञ्चार प्रा. लि.

| **क्र.सं.** | **सेवा प्रदायक** | **फ्रिक्वेन्सी दस्तुर (रु.)** |
|---|---|---|
| १ | आ.व. २०६८/६९ को फ्रिक्वेन्सी दस्तुर | १,४३१।२२ |
| २ | आ.व. २०७०/७१ को VSAT को फ्रिक्वेन्सी दस्तुर | ७५,०००।०० |
| | **जम्मा (रु.)** | ७६,४३१।२२ |

च. स्मार्ट टेलिकम प्रा. लि.

| **क्र.सं.** | **सेवा प्रदायक** | **फ्रिक्वेन्सी दस्तुर (रु.)** |
|---|---|---|
| १ | आ.व. २०६९/७० फ्रिक्वेन्सी दस्तुर | १४,४९,६६,०००।०० |
| २ | आ.व. २०७०/७१ को फ्रिक्वेन्सी दस्तुर | ९,६६,०००।०० |
| | जम्मा (रु.) | १४,५९,३२,०००।०० |

आ.व. २०७०/७१ मा Voice सेवा प्रदायकहरुबाट उठेको फ्रिक्वेन्सी दस्तुरः रु.३,०४,१७,५४,१२३.८०

२.४.२ GMPCS सेवा प्रदायकहरुबाट असुल गरिएका फ्रिक्वेन्सी दस्तुरको बिवरणः

| **क्र.सं.** | **सेवा प्रदायक** | **फ्रिक्वेन्सी दस्तुर (रु.)** |
|---|---|---|
| १ | कन्स्टलेशन प्रा. लि. | १,१२,०००।०० |
| २ | आई फोर टेक्नोलोजिज प्रा. लि. | ६४,०००।०० |
| | **जम्मा (रु.)** | १,७६,०००।०० |

२.४.३ नेटवर्क सेवा प्रदायक तथा VSAT सेवा प्रयोगकर्ताहरुबाट असुल गरिएका फ्रिक्वेन्सी दस्तुरको बिवरणः

| क्र.सं. | सेवा प्रदायक | फ्रिक्वेन्सी दस्तुर (रु.) |
|---|---|---|
| १ | सिता अफिस | ८०,०००।०० |
| २ | नेपाल एसविआई बैंक लिमिटेड | १,२६,६६६।०० |
| ३ | नबिल बैंक लिमिटेड | १३,०००।०० |
| ४ | लुम्बिनी बैंक लिमिटेड | ४,०००।०० |
| ५ | बैंक अफ काठमाडौं | ११,०००।०० |
| ६ | हिमालयन बैंक लिमिटेड | ११,०००।०० |
| ७ | नेपाल इन्भेष्टमेन्ट बैंक | २,०००।०० |
| ८ | एनआईसी एसिया बैंक लिमिटेड | १,१३,२००।०० |
| ९ | मर्कन्टाईल कम्युनिकेशन प्रा.लि | ५,०००।०० |
| १० | सूर्य नेपाल प्रा.लि. | १,०००।०० |
| ११ | डाबर नेपाल प्रा.लि. | १,०००।०० |
| १२ | Fichner JVMiddle Marshyangdi HEP | १,०४०।०० |
| १३ | 8000 INN | १,०००।०० |
| १४ | बुटवल पावर कम्पनी लिमिटेड | ३,०००।०० |
| १५ | KHNP Consortium | १,०००।०० |
| १६ | एसएसभीसी  रेडियो काठमाडौं प्रा. लि. | ४,०००।०० |
| | **जम्मा (रु.)** | **३,७७,९०६।००** |

यस प्रकार आ.व. २०७०/७१ मा कुल फ्रिक्वेन्सी दस्तुर रु.३,०४,२३,०८,०२९।८० उठेको छ।

## ३. रोयल्टी दस्तुर सम्बन्धमा

बिभिन्न सेवा प्रदायकहरुले दूरसञ्चार सेवा सञ्चालन गरे वापत नेपाल सरकारलाई विगत ५ वर्षमा बुझाएको रोयल्टी रकम निम्नानुसार छः

| सि.नं. | आ.व. | संकलित रकम (रु.) |
|---|---|---|
| १ | ०६५/६६ | १,१८,२५,२१,५४६।७९ |
| २ | ०६६/६७ | १,५२,७०,७७,९१६।८८ |
| ३ | ०६७/६८ | १,८६,८६,४२,७४५।४६ |

| | | |
|---|---|---|
| ४ | ०६८/६९ | २,७७,२९,४२,१६६।२२ |
| ५ | ०६९/७० | ३,०२,७६,८०,३२४।३८ |




## ४. ग्रामीण दूरसञ्चार विकास र ग्रामीण दूरसञ्चार विकास कोष परिचालन सम्बन्धमा

### ४.१ ग्रामीण दूरसञ्चार विकास कोष

दूरसञ्चार ऐन, २०५३ को व्यवस्था बमोजिम ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनको लागि यो कोषको स्थापना गरिएको हो। ग्रामीण दूरसञ्चार विकास कोषमा प्रत्येक सेवा प्रदायकले कुल आम्दानीको २ प्रतिशतले हुन आउने रकम जम्मा हुने व्यवस्था छ। आ.व. २०७०/७१ मा ग्रामीण दूरसञ्चार विकास कोषमा बिभिन्न दूरसञ्चार सेवा प्रदायकहरुबाट जम्मा हुन आएका रकमको बिवरण निम्नानुसार रहेको छ।

**आ.व. २०७०/७१ मा ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा हुन आएको रकमको**

| बिवरण | | |
|---|---|---|
| क्र. सं. | सेवा प्रदायकको नाम | जम्मा भएको रकम (रु.) |
| १ | एलाईड नेटलिंक टेक्नोलोजिज प्रा. लि. | ५९,३६१।०० |
| २ | ब्रोडलिंक नेटवर्क एण्ड कम्युनिकेशन प्रा. लि. | ३२,२०,५१३।०० |
| ३ | ANG टेक्नोलोजिज प्रा. लि. | ३५,०००।०० |
| ४ | बेताल नेटवर्क प्रा. लि. | २,००२।०० |
| ५ | सि. आई. एस. प्रा. लि. | १,९२०।०० |
| ६ | कम्युनिकेशन एण्ड कम्युनिकेट (नेपाल) प्रा. लि. | २०,३८,१८८।०० |
| ७ | कन्स्टलेशन प्रा. लि. | ७४,५१४।०० |
| ८ | चेरी वर्ल्ड कम्युनिकेशन प्रा. लि. | १,३५,०००।०० |
| ९ | क्लासिक टेक प्रा. लि. | ४,२१,७९९।०० |
| १० | इस्टर्न नेटवर्क प्रा. लि. | १,०४१।०० |
| ११ | इस्टलिंक टेक्नोलोजि प्रा. लि. | १८,७८५।०० |
| १२ | फाइबर अनलाईन प्रा. लि. | ७१,१४७।०० |
| १३ | गण्डकी कम्युनिकेशन प्रा. लि. | ७२,३८०।०१ |
| १४ | हेल्थ नेट नेपाल प्रा. लि. | १२,५७६।१४ |
| १५ | हिमालयन अनलाईन सर्भिसेज प्रा. लि. | ५,१२,०२३।०० |
| १६ | हट लिंक नेपाल प्रा. लि. | ८,४१९।४५ |
| १७ | आई. बि. सिष्टम सोलुशन प्रा. लि. | ४३,६३४।०० |
| १८ | आई फोर टेक्नोलोजिज प्रा. लि. | ५३,६८१।०० |
| १९ | इन्फोकम प्रा. लि. | २,४९,९१८।०० |
| २० | आई प्लस प्रा. लि. | १,१८,७५०।०० |
| २१ | जापान नेपाल इन्फो कम्युनिकेशन प्रा. लि. | ९७२।०० |
| २२ | मर्कन्टाईल कम्युनिकेशन प्रा. लि, | १७,२१,७९०।५३ |
| २३ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ६८,२१,६८,६२९।०० |
| २४ | एनसेल प्रा. लि. | ७७,५२,२७,१११।२९ |
| २५ | नेपाल नेट सञ्चार प्रा. लि. | ६१,१६३।०० |
| २६ | नेपाल स्याटेलाईट टेलिकम प्रा. लि. | ३१,००,०००।०० |
| २७ | नेट म्याक्स टेक्नोलोजिज प्रा. लि. | २,०८,७९०।०० |

| | | |
|---|---|---|
| २८ | पोखरा इन्टर्नेट प्रा. लि. | ८,७१,५३९।०० |
| २९ | रेडियस कम्युनिकेशन प्रा. लि. | १,५१,१३१।०० |
| ३० | सिताको प्रतिनिधि रोविन श्रेष्ठ | ६,६४,२५३।०६ |
| ३१ | स्मार्ट टेलिकम प्रा. लि. | १,२०,४५,८०९।०० |
| ३२ | एसटिएम टेलिकम सञ्चार प्रा. लि. | ३३,६०,९१२।११ |
| ३३ | सुबिसु केवलनेट प्रा. लि. | ६५,२४,१५८।१८ |
| ३४ | सस्टनेवल नेटवर्क प्रा. लि. | १,००,३५९।०० |
| ३५ | टेक माइन्ड्स प्रा. लि. | १,२७,५६४।०० |
| ३६ | युनाइटेड टेलिकम लिमिटेड | १,०९,२६,२२९।९१ |
| ३७ | भायनेट कम्युनिकेशन्स प्रा. लि. | ७,९७,३५०।०० |
| ३८ | वेभ सर्फर नेपाल कम्युनिकेशन्स प्रा. लि. | १२,००,०००।०० |
| ३९ | वर्ल्ड लिंक कम्युनिकेशन्स प्रा. लि. | १,३८,८५,२५३।०० |
| ४० | जेनटेक इन्टर्नेशनल प्रा. लि. | ९,२५५।०० |
| **जम्मा** | | **१,५२,०३,०२,९२०।६८** |

ग्रामीण दूरसञ्चार विकास कोषमा विगत ५ वर्षमा दाखिला भएको रकमको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | आ.व. | संकलित रकम |
|---|---|---|
| १ | ०६५/६६ | ५५,२७,६२,५०७।६७ |
| २ | ०६६/६७ | ६९,८३,५६,५४१।९२ |
| ३ | ०६७/६८ | ९२,०१,६१,८६६।०७ |
| ४ | ०६८/६९ | १,३३,१०,२७,०६०।१६ |
| ५ | ०६९/७० | १,५२,०३,०२,९२०।६८ |




४.२ ग्रामीण दूरसञ्चार विकास कोष सम्बन्धमा

आ.व. २०७०/७१ सम्म ग्रामीण दूरसञ्चार विकास कोषको मौज्दात रु. ७,९७,४८,६८,३४०।०० रहेको छ।

४.३ अन्य कार्यक्रम सम्बन्धी बिवरण

४.३.१ लम्जुङ्ग जिल्लामा सञ्चालनमा रहेको ५ वटा साझा सेवा केन्द्र (CSCs) सञ्चालन गर्न तोकिएको सुविसु केबल नेट प्रा. लि.लाई अन्तिम किस्ता बापतका रकम रु. २,९५,९१२।५० भुक्तानी गरिएको।

४.३.२ देशका ग्रामीण क्षेत्रका सामुदायिक बिद्यालय तथा उच्च माविहरुमा सूचना प्रविधिको अवस्था र सम्भाव्यताको बारेमा जानकारी लिने उद्देश्यले शिक्षा मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि रहेको कार्यटोलीबाट आ.व. २०७०/७१ मा देशका ५ वटै विकास क्षेत्रका दुई/दुई वटा गरी जम्मा १० वटा जिल्लाको स्थलगत अध्ययन गरिएको।

## ५. नम्बरीङ्ग ब्यवस्थापन सम्बन्धमा

दूरसञ्चारको पूर्वाधार प्रयोग गरी अन्य बिभिन्न Value Added सेवाहरु सञ्चालन भईरहेको अवस्थामा मोबाईल मार्फत बिभिन्न Value Added सेवाहरु प्रदान गर्नका लागि सेवा

प्रदायकहरुलाई प्राधिकरणबाट Short Codes/USSD प्रदान गरिएको छ। यस अनुरुप बिभिन्न सेवा प्रदायकहरुलाई बिभिन्न Value Added सेवा सञ्चालनका लागि प्रदान गरिएको Short Codes/USSD को बिस्तृत बिवरण अनुसूची-४ मा देखाईएको छ।

## ६. उपकरणको स्तर निर्धारण (Type Approval) सम्बन्धमा

दूरसञ्चार ऐन २०५३ को दफा १३(च) को प्रावधान अनुरुप प्राधिकरणले ग्राहकहरुको घरमा प्रयोग गरिने उपकरणहरुको स्तर निर्धारण (Type Approval) गर्ने ब्यवस्था लागू गरेको छ।

६.१ आ.व. २०७०/७१ मा प्राधिकरणबाट स्तर निर्धारण (Type Approval) गरिएका उपकरण सम्बन्धी बिवरण:

| S. N. | Type of Equipment | Certificate Issued | |
|---|---|---|---|
| | | Provisional | Permanent Periodic |
| 1 | GSM Mobile Handset | 800 | 177 |
| 2 | CDMA Mobile Handset | 20 | 0 |
| 3 | GSM Device | 6 | 2 |
| 4 | CDMA Device | 0 | 1 |
| 5 | Satellite Phone | 0 | 2 |
| 6 | Tablet | 26 | 4 |
| 7 | Short Range Device | 118 | 23 |
| 8 | WiMax Handset | 3 | 4 |

प्राधिकरणबाट हालसम्म स्वीकृत गरिएका उपकरणहरुको बिस्तृत बिवरण अनुसूची-५ मा देखाइएको छ।

६.२ अध्ययन:

६.२.१ भारत लगायत एसियाली देशमा बिद्यमान रहेका Type Approval सम्बन्धी ब्यवस्थाको अध्ययन गरी हालको ब्यवस्थालाई परिमार्जन गर्न कार्य टोली मार्फत अध्ययन भईरहेको छ।

६.२.२ नेपालमा Testing Lab स्थापना गरी उपकरणको स्तर निर्धारण (Type Approval) को ब्यवस्था लागू गर्ने बारे परामर्शदाता मार्फत अध्ययन भईरहेको छ।

## ७. ICT Development सम्बन्धमा

७.१ ICT/ Telecommunication को विकासको लागि निम्न अध्ययन संस्थाहरुसंग सहकार्य गरी अध्ययन अनुसन्धान गरिएको।

| S.N. | Name of University/College |
|---|---|
| 1 | Pulchowk Campus, Anandanikaten, Pulchowk, Lalitpur |
| 2 | Nepal Engineering College, Bhaktapur |
| 3 | Kathmandu University, Dhulikhel |
| 4 | Nepal College of Information Technology, Balkumari, Lalitpur |
| 5 | Advanced College of Engineering and Management, Kupondole, Lalitpur |
| 6 | Kantipur Engineering College, Dhapakhel, Lalitpur |
| 7 | Pokhara Engineering College, Phirke, Pokhara |
| 8 | Lumbini Engineering College, Bhalwari, Rupendehi |
| 9 | Himalayan College of Engineering, Chyasal, Lalitpur |
| 10 | Amrit Campus, Themel, Kathmandu |

७.२ निम्न बमोजिमका बिश्वबिद्यालय तथा अन्य संस्थाहरुलाई ICT सम्बन्धी कार्य सञ्चालनको लागि आर्थिक सहयोग प्रदान गरिएको।

- काठमाडौं बिश्वबिद्यालयद्वारा आयोजित KU, IT Meet 2013
- थापाथली क्याम्पसद्वारा आयोजित Seminar on Project Works and Professional Practices
- पुल्चोक क्याम्पसद्वारा आयोजित $11^{th}$ Locus Technical Festival

## ८. अध्ययन अनुसन्धान सम्बन्धमा

८.१ दूरसञ्चार सेवा सञ्चालनमा प्रयोग हुने टावरको डिजाईन सम्बन्धी निर्देशिका तयार हुने क्रममा रहेको।

८.२ Guidelines on Restrengthening/ Retrofitting for vulnerable Towers सम्बन्धी निर्देशिका तयार हुने क्रममा रहेको।

८.३ BTS टावरहरुको भूकम्पीय जोखिम मापन गर्ने सम्बन्धी निर्देशिका तयार हुने क्रममा रहेको।

८.४ Frequency को radiation बाट जनस्वास्थ्यमा पर्न सक्ने असरका सम्बन्धमा अध्ययन भईरहेको।

८.५ WSIS मा निर्धारित लक्ष्य अनुरुप नेपालले गरेको प्रगतिको सम्बन्धमा अध्ययन गरिएको।

८.६ बिपदको अवस्थामा पनि दूरसञ्चार सेवा सुचारु गर्ने ब्यवस्थाको लागि National Emergency Communication Plan तयार पारिएको।

८.७ दूरसञ्चार सेवाका उपभोक्ताहरुबाट टेलिफोन, इन्टर्नेट सेवाको आपूर्ति, गुणस्तर, मूल्य, विज्ञापन र उपभोक्ताको अधिकारको सम्बन्धमा अध्ययन अनुसन्धान गरिएको।

८.८ नेपालको कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product "GDP") मा दूरसञ्चार क्षेत्रको योगदान सम्बन्धमा अध्ययन गरिएको।

## ९. उपकरण आयात सिफारिस सम्बन्धमा

प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकहरुलाई आफ्नो सेवा सञ्चालन, बिस्तार तथा सुदृढिकरणको लागि आवश्यक उपकरणहरु आयात गर्न सम्बन्धित निकायमा सिफारिश गर्दै आएको छ। प्राधिकरणबाट आ.व. २०७०/७१ मा उपकरण आयातको लागि गरिएका सिफारिशको बिवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | संचालकको नाम | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ३,१६,९२,६२,१३५।८४ | ४६.२३ |
| २ | एनसेल प्रा. लि. | ३,००,७२,६६,०६६।७४ | ४३.८६ |
| ३ | नेपाल स्याटेलाइट टेलिकम प्रा. | ६६,११,२३,२८४।६६ | ९.६४ |
| ४ | स्मार्ट टेलिकम प्रा. लि. | ७८,६९,४९८।०० | ०.११ |
| ५ | आइ फोर टेक्नोलोजिज प्रा. लि. | १३,४२,०२०।३९ | ०.०२ |
| ६ | कन्स्टलेशन प्रा. लि. | ४७,३६,६५५।०० | ०.०७ |
| ७ | ओटेल कम्यूनिकेशन प्रा. लि | ४२,००,०००।०० | ०.०६ |
| **जम्मा** | | **६,८५,५७,९९,६६०।६३** | **१००.००** |

## १०. विदेशी मुद्रा सिफारिस सम्बन्धमा

दूरसञ्चार सेवा सञ्चालनको लागि दूरसञ्चारसंग सम्बन्धित विदेशी संस्थासंग सम्झौता गर्दा सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा दूरसञ्चार ऐन, २०५३ को दफा ३५(३) बमोजिम सम्बन्धित निकायमा सिफारिश गर्दै आएको छ। प्राधिकरणबाट आ.व. २०७०/७१ मा विदेशी मुद्राको भुक्तानीका लागि सटही सुबिधा उपलब्ध गराउन गरिएका सिफारिशको बिवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | सञ्चालकको नाम | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९९,२५,०५,६०१।०१ | ४१.३९ |
| २ | युनाइटेड टेलिकम लिमिटेड | २,५३,८६,४२२।०० | १.०६ |
| ३ | एस.टि.एम. टेलिकम सञ्चार प्रा. लि. | १,४८,०९,६००।०० | ०.६२ |
| ४ | एनसेल प्रा. लि. | १,१८,८३,५१,१४२।१९ | ४९.५६ |
| ५ | नेपाल स्याटेलाइट टेलिकम प्रा. लि. | ४,०६,०८,७५०।०० | १.६९ |
| ६ | स्मार्ट टेलिकम प्रा. लि. | १,७२,००,४५०।०० | ०.७२ |
| ७ | कम्युनिकेशन एण्ड कम्युनिकेट (नेपाल) प्रा. लि. | ६,९३,६२,४२५।०० | २.८९ |
| ८ | मर्कन्टाइल कम्युनिकेशन प्रा. लि. | २,८९,६४,४४५।५० | १.२१ |
| ९ | कन्स्टलेशन प्रा. लि. | ८९,०९,६४९।९५ | ०.३७ |
| १० | लुम्विनी नेट प्रा. लि | १,१९,१३,०००।०० | ०.५० |
| **जम्मा** | | **२,३९,८०,११,४८५।६५** | **१००** |

## ११. टेलिफोन सेवाको महशुलदर सम्बन्धमा

दूरसञ्चार ऐनको दफा ४२ अनुसार सेवा प्रदायकले ग्राहकसंग असुल गर्ने महशुलदर प्राधिकरणबाट स्वीकृत लिनुपर्ने ब्यवस्था रहेको छ। सो बमोजिम बिभिन्न Voice सेवा प्रदायकहरुको आ.व. २०७०/७१ मा स्वीकृत महशुलदर अनुसूची-६ मा देखाईएको छ।

## १२. बिवाद समाधान सम्बन्धमा

दूरसञ्चार ऐन, २०५३ को दफा १६ बमोजिम प्राप्त उजुरी वा निवेदनको प्राधिकरणले किनारा गर्ने कानूनी व्यवस्था छ। यसलाई कार्यान्वयन गर्न प्राधिकरणले नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) बिनियमावली, २०६८ बनाई लागू गरेको छ। यस बिनियमावली बमोजिम आ.व. २०७०/७१ मा निम्नानुसारका बिवादहरु विचाराधिन अवस्थामा रहेका छन्।

| सि.नं. | निवेदक | विषय |
|---|---|---|
| १ | नेपाल दूरसञ्चार कं. लि. | राजश्व ठगी एवं अन्तर्राष्ट्रिय कल बाइपास सम्बन्धमा। |
| २ | युनाईटेड टेलिकम लि. | हानी नोक्सानी तथा क्षतिपूर्ति समेत दिलाई पाँउ। (संख्या २) |
| ३ | नेपाल दूरसञ्चार कं. लि. | अन्तर्राष्ट्रिय आगमन कल बाइपास गरी दूरसञ्चार कसुर समेत गरेको सम्बन्धमा। (संख्या २) |
| ४ | एनसेल प्रा. लि. | अबैधानिक तवरबाट Voice Over Internet Protocol (VOIP) गरी ठगी तथा राजश्व छलि गरेको। |
| ५ | सुशिल काफ्ले, कुलेश्वर, काठमाडौं | शर्त बमोजिमको सेवा सुविधा उपलब्ध गराई आवश्यक क्षतिपूर्ति समेत दिलाई पाँउ। |
| ६ | सुनिला सापकोटा समेत | दूरसञ्चार ऐन, २०५३ को दफा ४७ उपदफा (४) विरुद्ध मोवाईल फोन प्रयोग। |

## १३. उपभोक्ता सचेतना कार्य सम्बन्धमा

प्राधिकरणले दूरसञ्चार सेवाका उपभोक्ताहरुलाई टेलिफोन, मोबाइल र इन्टर्नेटको सही उपयोग गर्ने खालका बिभिन्न पक्षहरुबारे जानकारी दिने तथा त्यसबाट भईरहेका र हुनसक्ने गैरकानूनी कार्यको समाधान तथा त्यस्ता कार्यमा कमी ल्याउन विभिन्न कार्यहरु गर्ने क्रममा आ.व. २०७०/७१ मा रेडियो/एफ.एम. मार्फत कार्यक्रम प्रसारण गरिएको।

## १४. अनुगमन तथा निरिक्षण सम्बन्धमा

प्राधिकरणबाट सेवा प्रदायकहरुको निरिक्षण तथा जाँचबुझ गर्ने कार्यको लागि दूरसञ्चार सेवा (निरिक्षण तथा जाँचबुझ सम्बन्धी कार्यविधि) बिनियमावली लागू गरिएको छ। त्यस अनुरुप प्राधिकरणबाट बिभिन्न सेवा प्रदायकहरुको निरिक्षण एवं जाँचबुझ गर्ने गरिएको छ।
यस सम्बन्धमा प्राधिकरणबाट गरिएका अनुगमन निरिक्षण सम्बन्धी बिवरणहरु निम्न बमोजिम रहेको छ।

१४.१ अनुगमन निरिक्षण गरिएका इन्टर्नेट सेवा प्रदायकहरुको बिवरणः

- मर्कन्टाइल कम्युनिकेशन प्रा. लि.,
- युनाईटेड टेलिकम लि.,
- ओटेल प्रा. लि.,
- सुबिसु केवलनेट प्रा. लि.,
- मेगा ब्रोडकास्ट प्रा. लि.,
- सेभेन स्टार नेट प्रा. लि.,
- एयर नेटवर्क प्रा. लि.,
- लुम्विनी नेट प्रा. लि.,
- पिकोसफ्ट प्रा. लि.,
- स्याङ्गजा इन्टर्नेट

१४.२ अनुगमन निरिक्षण गरिएका नेटवर्क सेवा प्रदायकहरुको बिवरणः

- फाइबर अनलाईन प्रा. लि.,
- कम्युनिकेशन एण्ड कम्युनिकेट (नेपाल) प्रा. लि.

१४.३ मोबाईल सेवा प्रदायक एनसेल प्रा. लि. को अनुगमन निरिक्षण गरिएको।

१४.४ ग्राहकको बिवरण Central Database मा आए पछि मात्र SIM activate गर्ने सम्बन्धमा भएको प्राधिकरणको निर्देशन बमोजिम कार्यान्वयन भए/नभएको निरिक्षण गरिएको।

१४.५ साथै सुरक्षा निकायलाई अनुसन्धानको लागि आवश्यक पर्ने दूरसञ्चार सम्बन्धी Data छिटो छरितो रुपमा उपलब्ध गराउने ब्यवस्थाको लागि प्राधिकरणको

समन्वयमा सेवा प्रदायकहरु तथा सुरक्षा निकायबाट सम्पर्क अधिकृत तोकिएको। यसको अतिरिक्त बिभिन्न अदालत र सुरक्षा निकायहरुलाई VoIP Call Bypass सम्बन्धी अनुसन्धान गर्ने कार्यमा आवश्यक प्राविधिक सहयोग तथा राय सल्लाह उपलब्ध गराईएको छ।

१४.६ प्राधिकरणमा प्राप्त हुन आएको उजुरीका तथा पत्रहरुको सम्बन्धमा भएको काम कारवाहीहरुः

- हाइपरलिंक साइवर एण्ड ट्रेनिङ सेन्टरले बाग्लुङ्गमा अवैध रुपमा इन्टर्नेट सेवा सञ्चालन गरेको विषयमा प्राप्त उजुरीको सम्बन्धमा अनुगमन निरिक्षणको क्रममा VOIP मार्फत Outgoing Call bypass समेत गरेको पाईएकोले उक्त संस्थामा सिलबन्दी गरी जरिवाना गरिएको।

## १५. जनशक्ति विकास सम्बन्धमा

नेपाल दूरसञ्चार प्राधिकरणमा बिभिन्न विभाग तथा शाखामा गरी हाल अधिकृत स्तरमा २६ जना, सहायक स्तरमा ९ जना र श्रेणी विहिन ११ जना गरी कुल ४६ जना कर्मचारीहरु कार्यरत छन्। कार्यरत कर्मचारीको बिवरण अनुसूची-७ मा देखाइएको छ।

## १६. तालिम सम्बन्धमा

आ.व. २०७०/७१ मा अन्तर्राष्ट्रिय स्तरमा भएका निम्न बमोजिमका सेमिनार, कार्यशाला, बैठक तथा तालिममा प्राधिकरणका पदाधिकारी लगायत बिभिन्न तहका कर्मचारीहरुले प्रतिनिधित्व गरेका छन्।

| S. No. | Subject | Name | Venue | Date |
|---|---|---|---|---|
| 1 | 2013 International Roundtable Meeting and KISDI and MSIP Meeting | Kailash Pd. Neupane | Seoul, South Korea | 08/25/2013 to 08/30/2013 |
| 2 | 13th APT Policy and Regulation Forum | Ananda Raj Khanal | Kualalampur, Malaysia | 10/08/2013 to 10/10/2013 |
| 3 | Satellite Communication Sequence Training | Roja Kiran Basukala | Washington DC, USA | 10/08/2013 to 10/11/2013 |
| 4 | Third APT Prepatory Meeting for the PP-14 | Kumar Pd. Sharma | Gold Coast, Australia | 10/23/2013 to 10/30/2013 |
| 5 | Practical Technologies and their implementation of small scale telecom | Bijaya Kumar Roy | Tokyo, Japan | 10/31/2013 to 11/09/2013 |
| 6 | ITU Telecom World 2013 | Ananda Raj Khanal | Bangkok, Thailand | 11/18/2013 to 11/21/2013 |
| 7 | ICT Application on Mitigating natural Disaster | Girindra Raj Adhikari | Hanhoi, Vietnam | 11/28/2013 to 11/29/2013 |
| 8 | World Telecommunication Indicator Symposium WTIS 13 | Dhan Raj Gnyawali and Udaya Raj Regmi | Mexcio city, Mexcio | 12/02/2013 to 12/06/2013 |
| 9 | 4th APT Cybersecurity Forum | Mahesh Pd. Adhikari | Kualalampur, Malaysia | 12/03/2013 to 12/05/2013 |
| 10 | SATRC Workshop on Spectrum | Min Pd. Aryal | New Delhi, India | 12/18/2013 to 12/20/2013 |
| 11 | IMT towards 2020 and beyond technology and Spectrum//ITU-RW | Amber Sthapit | Ho Chi Minn, Vietnam | 01/12/2014 to 01/19/2014 |
| 12 | IMT towards 2020 | Amber Sthapit | Hanhoi, Vietnam | 02/09/2014 to 02/21/2014 |
| 13 | SATRC Working Group on Policy Regulation and Service | Ananda Raj Khanal, Purushottam Khanal, Sandip Adhikari and Hiranaya Pd. Bastakoti | New Delhi, India | 02/13/2014 to 02/14/2014 |
| 14 | Cyber Crime Investigation for Law enforcement | Bijaya Kumar Roy and Achyuta Nand Mishra | Kualalampur, Malaysia | 02/18/2014 to 02/22/2014 |
| 15 | ASTAP 23rd Meeting | Min Pd. Aryal and Binod | Bangkok, Thailand | 03/02/2014 to 03/08/2014 |

| | | | | |
|---|---|---|---|---|
| | | Chandra Shrestha | | |
| 16 | SATRC  Working Group on Spectrum Management | Ananda Raj Khanal and Min Pd. Aryal | Tehran, Iran | 03/11/2014 to 03/12/2014 |
| 17 | World Telecommunication Development Conference WTDC-14 | Dhan Raj Gnyawali, Anil Kumar Dhungel, Ananda Raj Khanal and Kumar Pd. Sharma | Dubai, UAE | 03/29/2014 to 04/10/2014 |
| 18 | COE in Telecom Technology and Management | Binod Chandra Shrestha | Mumbai, India | 03/31/2014 to 05/23/2014 |
| 19 | APT Regulaotry and Policy Forum | Mahesh Pd. Adhikari and Anjana Devkota | Pattaya, Thailand | 05/19/2014 to 05/23/2014 |
| 20 | Regulatory Associations Meeting and Global Symposium For regulators | Purushottam Khanal and Jhalak Bdr. Thapa | Manama, Bahrian | 06/02/2014 to 06/05/2014 |
| 21 | WSIS+ 10 High Level Event Forum | Ananda Raj Khanal | Geneva, Switzerland | 06/10/2014 to 06/13/2014 |

## १७. गुनासो ब्यवस्थापन सम्बन्धमा

आ.व. २०७०/७१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त ३७ वटा निम्न किसिमका गुनासाहरु फछ्यौंट गरिएको:

१. भ्रामक विज्ञापन ४ वटा
२. टावर मर्मत २ वटा
३. टावर निर्माण ६ वटा
४. गुणस्तर समस्या ८ वटा
५. इन्टर्नेट नचलेको ६ वटा
६. महशुल दर सम्बन्धी ५ वटा
७. रिचार्ज कार्ड २ वटा
८. दूरसञ्चार क्षेत्र बाहेक /अन्य ४ वटा

## १८. अन्तर्क्रिया, बैठक तथा सेमिनार सम्बन्धमा

प्राधिकरणले आ.व. २०७०/७१ मा निम्नानुसारको अन्तर्क्रिया, बैठक तथा सेमिनार सञ्चालन गरेको छ।

१८.१ APT को सहकार्यमा ३० जुलाई देखि ०१ अगष्ट २०१३ सम्म SATRC Workshop on Policy, Regulation and Services कार्यक्रम सञ्चालन गरिएको।

उक्त कार्यशालामा दूरसञ्चार नीति तथा नियमनका विषयमा सार्क मुलुकका प्रतिनिधिहरु बिच छलफल गरिनुका साथै दूरसञ्चार क्षेत्रको बिद्यमान कर, strategies for migration to IPv6, ब्रोडब्याण्डको विकास र मोबाइल तथा ब्रोडब्याण्डका Value Added Services बारेमा छलफल गरियो।



१८.२ मे १७ मा World Telecommunication Information Society Day कार्यक्रम सञ्चालन गरिएको।

यस वर्षको theme “Broadband for Sustainable Development” रहेको थियो र प्राधिकरणले यस क्षेत्रका सरोकारहरुको सहकार्यमा गोष्टिको आयोजना गरिएको थियो।




१८.३ २४ अप्रिलमा Women and Girls in ICT Day कार्यक्रम अयोजना गरिएको।

यस वर्षको theme “Mobile Internet and Girls Empowerment” रहेको थियो र प्राधिकरणले यस क्षेत्रका सरोकारहरुको सहकार्यमा देशका बिभिन्न क्षेत्रहरुमा गोष्टिको आयोजना गरिएको थियो।



१९. प्राधिकरणबाट आ.व. २०७०/७१ मा भएका प्रमुख निर्णयहरुको सारसंक्षेप अनुसूची-८ मा देखाईएको छ।

२०. **अन्य**

आ.व. २०७०/७१ नेपाल दूरसञ्चार प्राधिकरणलाई बिपक्षी बनाई अदालतमा परेका मुद्दाहरुको बिबरण निम्नानुसार रहेको छ।

| **सि.नं.** | **मुद्दा दर्ता भएको मिति** | **निवेदक** | **निवेदनको विषय** | **कैफियत** |
|---|---|---|---|---|
| १ | २०७०/४/३० | युनाईटेड टेलिकम लिमिटेड | एनसेलको रिट निवेदनसाथ लगाउ गरी हेरी पाँउ। | |
| २ | २०७०/४/३० | सुविसु केवल नेट प्रा.लि | एनसेलको रिट निवेदनसाथ लगाउ गरी हेरी पाँउ। | |
| ३ | २०७०/४/३१ | मोहन साशंकर समेत ३ | एनसेल सापटी योजनाको नाममा उपभोक्ता माथि शोषण | |
| ४ | २०७०/५/१७ | मर्कन्टाइल कम्युनिकेशन्स प्रा. लि. समेत -४ | ग्रामीण दूरसञ्चार विकास कोषमा जरीवाना समेतको विषय। | |
| ५ | २०७०/६/१ | मोहम्मद मजहरुल इक्षामको हकमा | गैह्र कानूनी थुनामुक्त गरी पाँउ। | २०७०/६/१३ मा रिट खारेज। |
| ६ | २०७१/२/११ | रत्न कुमार खरेल | नेपाल दूरसञ्चार प्राधिकरणमा रिक्त रहेको सदस्य पदको लागि प्रकाशित सूचना दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) र दूरसञ्चार नियमावलीको नियम ३ मा उल्लेखित कानूनी व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | | विपरित भएकोले छनौट प्रक्रियामा सामेल हुन समान अवसर प्राप्त हुने गरी अर्को विज्ञापन जारी गर्नु गराउनु भनी विपक्षीहरुका नाममा उत्प्रेषण लगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाँउ। | |

# भाग–३

## प्राधिकरणको आर्थिक स्थिति

अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, दरखास्त दस्तुर र सो वापत प्राप्त ब्याज प्राधिकरणको आयका प्रमुख श्रोतहरु हुन्। विगत ५ वर्षको प्राधिकरणको आम्दानी/खर्चको बिवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

(रु. हजारमा)

| सि.नं. | आ.व. | आम्दानी | खर्च | बचत |
|---|---|---|---|---|
| १ | २०६६/२०६७ | १८,८५,१९ | ७,३७,६८ | ११,४७,५१ |
| २ | २०६७/२०६८ | २५,९४,१८ | ५,५६,१२ | २०,३८,०६ |
| ३ | २०६८/२०६९ | २८,३१,३५ | ५,८६,११ | २२,४५,२४ |
| ४ | २०६९/२०७० | १६,१८,९०,७८ | ४,९२,७७ | १६,१३,९८,०१ |
| ५ | २०७०/२०७१ | ४,४९,५३,६६ | ५,४७,२६ | ४,४४,०६,४० |



प्राधिकरणको आ.व. २०७०/७१ को लेखापरीक्षण पूर्वको आयव्यय बिवरण तथा वासलात सम्बन्धी बिवरण अनुसूची–९ र अनुसूची–१० मा देखाइएको छ।

# भाग-४

# आ.व. २०७०/७१ मा भएको दूरसञ्चार क्षेत्रको बिस्तार तथा प्रगति

## १. दूरसञ्चार तथ्याङ्क एक झलक

### क. उपलब्ध टेलिफोन सेवाहरु

| सेवा / सञ्चालक | फिक्सड | | मोबाईल | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | वायरलाईन (PSTN)/VSAT | वायरलेस (WLL) | GSM | CDMA | लिमिटेड मोबिलिटि | GMPCS | |
| नेपाल टेलिकम | ६,५३,२०२ | १,२२,०९२ | ९०,१९,८०९ | ११,०८,२४१ | – | – | १,०९,०३,३४४ |
| यु.टि.एल. | – | ४७,९३७ | – | – | ४,६०,९०४ | – | ५,०८,८४१ |
| एनसेल | – | – | १,१९,२४,५५२ | – | – | – | १,१९,२४,५५२ |
| एस.टि.एम | २,९४० | – | – | – | १५५ | – | ३,०९५ |
| नेपाल स्याटेलाईट | | २,६४४ | – | – | १,४७,३५६ | – | १,५०,००० |
| स्मार्ट टेलिकम | ५९८ | – | – | – | १०,६४,४०० | – | १०,६४,९९८ |
| अन्य | – | – | – | – | – | १,७४२ | १,७४२ |
| जम्मा | ६,५६,७४० | १,७२,६७३ | २,०९,४४,३६१ | ११,०८,२४१ | १६,७२,८१५ | १,७४२ | २,४५,५६,५७२ |
| | ८,२९,४१३ | | २,२०,५२,६०२ | | १६,७४,५५७ | | |

| सेवा | टेलिघनत्व (%) |
|---|---|
| फिक्सड | ३.१३ |
| मोबाईल | ८३.२३ |
| अन्य (लिमिटेड मोबिलिटि, GMPCS आदि) | ६.३२ |
| **जम्मा** | ९२.६८ |

द्रष्टव्यः जनसंख्या २,६४,९४,५०४ (श्रोत केन्द्रिय तथ्यांङ्क विभाग)

### ख. डाटा सेवा

| सेवा प्रदायक | ग्राहक संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|
| | नेपाल टेलिकम | यु.एल.टि.. | एनसेल | आई.एस.पि. हरु | |
| डायलअप (PSTN, ISDN) | ४,६८३ | – | – | १०,१४७ | १४,८३० |
| वायरलेस, अप्टिकल फाइबर, इथरनेट | – | – | – | ६४,२८० | ६४,२८० |
| केवल | – | – | – | ३१,७२७ | ३१,७२७ |
| ए.डि.एस.एल. | १,२८,३०७ | – | – | – | १,२८,३०७ |
| जि.पि.आर.एस. | ४४,२१,४९० | – | ३९,१९,६८६ | – | ८३,४१,१७६ |
| सि.डि.एम.ए 1X | १,३६,५७३ | ५६,७४४ | – | – | १,९३,३१७ |
| वाईम्याक्स | ९,२९९ | – | – | – | ९,२९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | ४७,००,३५२ | ५६,७४४ | ३९,१९,६८६ | १,०६,१५४ | ८७,८२,९३६ |
| **इन्टर्नेट घनत्व (%)** | | | | | ३३.१५ |

ग. पब्लिक कल सेन्टरहरु

| सेवा | संख्या |
|---|---|
| एस.टि.एम. टेलिकम सञ्चार प्रा. लि.को ग्रामीण पि.सि.ओ. | १,४४७ |
| स्मार्ट टेलिकम प्रा.लि.को ग्रामीण पि.सि.ओ. | ५९८ |
| जम्मा | २,०४५ |

बिभिन्न दूरसञ्चार सेवाहरुको बजार हिस्सा (Market Share)




बिगत ५ वर्षको Voice र Data सेवाको Penetration Rate



## २. मुख्य Voice टेलिफोन सेवा प्रदायकहरुको संक्षिप्त बिवरण

प्राधिकरणबाट हालसम्म विभिन्न सेवाहरु सञ्चालन गर्नको लागि ४१३ वटा अनुमतिपत्र प्रदान गरिएकोमा २०७१ आषाढ मसान्त सम्ममा २११ वटा अनुमतिपत्र प्राप्त संस्थाहरुले विभिन्न दूरसञ्चार सेवा सञ्चालन गरिरहेका छन्। यस मध्ये मुख्य ६ वटा Voice सेवा प्रदायकहरुको संक्षिप्त बिवरण निम्नानुसार छन्।

### २.१ नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

क. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले सेलुलर मोवाईल, आधारभूत दूरसञ्चार सेवा र इन्टर्नेट सेवा सञ्चालनको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेको छ।

ख. आ.व. २०७०/७१ मा कम्पनीले रु. १४,४३८,८४३,०७२।०० लगानी गरेको छ।

ग. यस आ.व. मा कम्पनीले रु. ३९,२६८,४१६,६६८।०० आम्दानी गरेको छ।

घ. यस आ.व. मा कम्पनीले बिभिन्न शिर्षकमा नेपाल सरकारलाई बुझाएको करको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | बिवरण | जम्मा रु. |
|---|---|---|
| १ | अग्रिम आयकर | ४,८८,२८,३६,१०२।०० |
| २ | मूल्य अभिबृद्धि कर | ३,८६,५६,९८,२०९।०८ |
| ३ | भन्सार शुल्क | २४,१४,११,०००।०० |
| ४ | रोयल्टी | १,३६,४३,३७,२५७।०० |
| ५ | फ्रिक्वेन्सी शुल्क | १,६७,१६,२७,३९१।०० |
| ६ | टि.डि.एस (TDS) | १,४३,९३,१६,०४१।०० |
| ७ | दूरसञ्चार सेवा शुल्क | २,३५,०८,९९,५८३।१६ |
| ८ | स्वामित्व कर | ४७,०६,१३,१२३।३७ |
| ९ | सम्पति तथा सवारी साधन कर | १,६९,९०,०९०।२८ |

ङ. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले नेपाल सरकारको लगानी बापत नेपाल सरकारलाई लाभांस रु. ६,३१,३०,३७,७००।०० बुझाएको र ग्रामीण दूरसञ्चार विकास कोषमा रु. ६८,२१,६८,६२९।०० जम्मा गरेको छ।

२.२ युनाइटेड टेलिकम लिमिटेड (युटिएल)

क. युनाइटेड टेलिकम लिमिटेडले WLL मा आधारित आधारभूत दूरसञ्चार सेवा र इन्टर्नेट सेवा सञ्चालनको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेको छ।

ख. आ.व. २०७०/७१ मा कम्पनीले बिभिन्न शिर्षकमा नेपाल सरकारलाई बुझाएको करको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | बिवरण | जम्मा रु. |
|---|---|---|
| १ | मूल्य अभिबृद्धि कर (खरिद) | २,८२,८५,८२९।५२ |
| २ | मूल्य अभिबृद्धि कर (बिक्रि) | ४,९६,८९,७७२।१८ |
| ३ | भन्सार शुल्क | ९,५६,३०५।०० |
| ४ | रोयल्टी | २२,६०,४०,२५९।८१ |
| ५ | फ्रिक्वेन्सी शुल्क | ४,५०,००,०००।०० |
| ६ | टि.डि.एस (TDS) | १,८९,३०,१६१।०० |
| ७ | दूरसञ्चार सेवा शुल्क | २,७९,९७,१४७।४७ |
| ८ | स्वामित्व कर | ७३,८५,३१०।०० |

ग. युनाइटेड टेलिकम लिमिटेडले ग्रामीण दूरसञ्चार विकास कोषमा रु. १,०९,२६,२२९।९१ जम्मा गरेको छ।

२.३ एस.टि.एम. टेलिकम सञ्चार प्राइभेट लिमिटेड (एस.टि.एम.)

क. एस.टि.एम. ले ग्रामीण दूरसञ्चार, इन्टर्नेट, अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा र लिमिटेड मोविलिटि सेवाको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेका छ।

ख. आ.व. २०७०/७१ मा कम्पनीले रु .३९,९३,३४,०००।०० आम्दानी गरेको छ।

ग. यस आ.व. मा कम्पनीले बिभिन्न शिर्षकमा नेपाल सरकारलाई बुझाएको करको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | बिवरण | रकम (रु.) |
|---|---|---|
| १ | अग्रिम आयकर | २१,१४१।२७ |
| २ | मूल्य अभिबृद्धि कर (खरिद) | ३,७९,७६,७०१।०० |
| ३ | रोयल्टी | ६७,२१,८२४।२१ |
| ४ | फ्रिक्वेन्सी शुल्क | ७६,४३१।२२ |
| ५ | श्रोतमा कट्टी | १,१६,८३,७३७।४१ |
| ६ | दूरसञ्चार सेवा शुल्क | ३,८२,७०१।०० |
| ७ | स्वामित्व कर | १३,०००।०० |
| ८ | सम्पत्ति तथा सवारी साधन कर | १,२५,८९०।०० |

घ. यस आ.व. मा कम्पनीले ग्रामीण दूरसञ्चार विकास कोषमा रु. ३३,६०,९१२।११ जम्मा गरेको छ।

२.४ एनसेल प्राइभेट लिमिटेड

क. एनसेल प्रा. लि.ले सेलुलर मोवाईल सेवा, इन्टर्नेट सेवा र अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेका छ।

ख. यस आ.व. मा एनसेल प्रा. लि.ले रु. ७,८४,३५,६७,९८४।- लगानी गरेको छ।

ग. यस आ.व. मा एनसेल प्रा. लि.ले रु. ४८,४७,४८,१०,६९३.१७ आम्दानी गरेको छ।

घ. यस आ.व. मा एनसेल प्रा. लि.ले नेपाल सरकारलाई बिभिन्न शिर्षकमा बुझाएको करको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | बिवरण | जम्मा रु. |
|---|---|---|
| १ | अग्रिम आयकर | ७,०२,८५,१७,०४२।२८ |
| २ | मूल्य अभिबृद्धि कर (खरिद) | २,६७,८८,२७,८४३.५५ |
| ३ | मूल्य अभिबृद्धि कर (विक्री) | ४,०८,०६,१७,०८२.९९ |
| ४ | भन्सार शुल्क | ५०,३१,७९,८४०।०० |
| ५ | रोयल्टी | १,५५,०४,५४,२२२।५८ |
| ६ | फ्रिक्वेन्सी शुल्क | ६१,२२,४८,२२२।२६ |
| ७ | टि.डि.एस (TDS) | १,६६,९६,८७,२९१।७८ |
| ८ | दूरसञ्चार सेवा शुल्क | २,५९,९७,२३,७०२।४८ |
| ९ | स्वामित्व कर | ५५,३९,५८,४५१।९८ |
| १० | सम्पत्ति तथा सबारी साधन कर | ३,३१,०१०।०० |
| ११ | ब्यापार कर | २,९६,४९१।०० |

ङ. कम्पनीले आ.व. २०७०/७१ मा ग्रामीण दूरसञ्चार विकास कोषमा रु . ७७,५२,२७,१११।२९ जम्मा गरेको छ।

२.५ नेपाल स्याटेलाइट टेलिकम प्राइभेट लिमिटेड

क. नेपाल स्याटेलाइट टेलिकम प्रा. लि.ले आधारभूत दूरसञ्चार सेवा अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेको छ।

ख. आ.व. २०७०/७१ मा नेपाल स्याटेलाइट टेलिकम प्रा. लि.ले बिभिन्न शिर्षकमा नेपाल सरकारलाई बुझाएको करको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | बिवरण | जम्मा रु. |
|---|---|---|
| १ | अग्रिम आयकर | १५,२७,६३९।९० |
| २ | मूल्य अभिबृद्धि कर (खरिद) | १३,०५,९७,५७४।८९ |
| ३ | मूल्य अभिबृद्धि कर (विक्री) | १,९८,९५,२३९।१४ |
| ४ | भन्सार शुल्क तथा अन्य | ६,८३,५३,९९८।०० |
| ५ | रोयल्टी | ६२,००,०००।०० |
| ६ | फ्रिक्वेन्सी शुल्क | ३३,३२,८८,७११।१८ |
| ७ | भन्सार सेवा शुल्क | १०,७३५।०० |
| ८ | दूरसञ्चार सेवा शुल्क | ६६,२७,७८४।१० |

| | | |
|---|---|---|
| ९ | स्वामित्व कर | १४,७६,५०९।२२ |
| १० | सबारी साधन कर | २,५६,७६०।०० |
| ११ | स्रोतबाट कर कट्टी | ४,३८,०२,७२८।७३ |

ग. नेपाल स्याटेलाइट टेलिकम प्रा. लि.ले ग्रामीण दूरसञ्चार विकास कोषमा रु. ३१,००,०००।०० जम्मा गरेको छ।

२.६ स्मार्ट टेलिकम प्राइभेट लिमिटेड

क. स्मार्ट टेलिकम प्रा.लि.ले आधारभूत दूरसञ्चार सेवा अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेको छ।

ख. आ.व. २०७०/७१ मा कम्पनीले रु. ८,०७,४७,१४१।१५ लगानी गरेको छ।

ग. यस आ.व. मा कम्पनीले रु. ९४,६९,८७,७७१।५७ आम्दानी गरेको छ।

घ. यस आ.व. मा कम्पनीले नेपाल सरकारलाई बिभिन्न शिर्षकमा बुझाएको करको बिवरण निम्नानुसार रहेको छ।

| सि.नं. | विवरण | जम्मा रु. |
|---|---|---|
| १ | मूल्य अभिबृद्धि कर | ३५,७४,६२८।१५ |
| २ | भन्सार शुल्क | २४,६०,१७१।०० |
| ३ | रोयल्टी | २,७६,६९,३७४।४५ |
| ४ | फ्रिक्वेन्सी शुल्क | १४,७८,६४,०००।०० |
| ५ | टि.डि.एस (TDS) | ४,०८,७६,६९४।३१ |
| ६ | दूरसञ्चार सेवा शुल्क | २,९४,३१,६६९।०१ |
| ७ | स्वामित्व कर | ६९,१६,९०७।६३ |
| ८ | सम्पत्ति तथा सबारी साधन कर | १,४१,९०५।०० |

ङ. स्मार्ट टेलिकम प्रा. लि.ले ग्रामीण दूरसञ्चार विकास कोषमा रु. १,२६,६२,५१६।२८ जम्मा गरेको छ।

**नोटः** यस भागमा उल्लेखित आर्थिक बिवरण सेवा प्रदायकहरुबाट प्राप्त अपरिष्कृत (Unaudited) बिवरणहरु हुन्।

# भाग ५

## दूरसञ्चार क्षेत्रको बिद्यमान चुनौती र भावी कदम

बिगत केही वर्षहरुमा देशमा भएका दूरसञ्चार सेवाको विकास र बिस्तारको गतिलाई बिवेचना गर्दा सन्तोषपद नै मान्नु पर्दछ। यस अवधिमा बिबिध दूरसञ्चार सेवाहरुको उपलब्धता र ग्राहकलाई छनौटको अवसर प्राप्त भई आम नेपालीहरु लाभान्बित भएको देखिन्छ। तथापि बिश्वका अन्य मुलुकहरुमा दूरसञ्चार क्षेत्रमा भएको विकासको तुलनामा सन्तोष मान्ने अवस्था भने रहेको छैन। समग्र दूरसञ्चार क्षेत्रको विकासको लागि आगामी वर्षहरुमा उपयुक्त नीतिहरु लागू गरी लगानीकर्तालाई प्रोत्साहन गर्न लगानीमैत्री वातावरण बनाउन आवश्यक हुन्छ। नेपालमा दूरसञ्चार क्षेत्रमा देखा परेका बिद्यमान चुनौतीहरु र यसको निराकरणका लागि चाल्नु पर्ने प्रमुख कदमहरु निम्नानुसार रहेका छन्।

५.१ Single licensing Regime लागू गर्नेः बिभिन्न समयमा बिभिन्न शर्तहरु सहित voice सेवा उपलब्ध गराउन सेवा प्रदायकहरुलाई अनुमतिपत्र प्रदान गरिएकोमा सम्पूर्ण सेवा प्रदायकहरुलाई समान शर्तहरु उल्लेख गरी अनुमतिपत्र जारी गर्न र सोही बमोजिम सबै सेवा प्रदायकहरु बिच Equal Level Playing Field को वातावरण तयार गरी दूरसञ्चार क्षेत्रलाई अझ प्रतिस्पर्धात्मक बनाई ग्राहकहरुलाई उचित र भरपर्दो सेवा उपलब्ध गराउने तर्फ पहल गर्नु आवश्यक देखिन्छ। आधारभुत टेलिफोन सेवाको रुपमा खुल्ला गरिएको अनुमतिपत्र अन्तरगत सबै सेवा प्रदायकलाई समान शर्त भएको अनुमतिपत्र जारी गर्ने र उपलब्ध National Resource हरुको समेत समान प्रयोग हुन सक्ने गरी हालसम्म Unified Licensing मा जान नचाहेका/नगएका सेवा प्रदायकलाई उक्त Regime भित्र ल्याउन आवश्यक ब्यवस्था गरिनेछ । फ्रिक्वेन्सी नीतिको कार्यन्वयन पनि पछी अनुमतिपत्र regime लाई promote हुने गरी गरिनेछ |

५.२ Converged ICT नीति बनाउनुपर्नेः दूरसञ्चार क्षेत्रमा भएको प्रविधिको विकासले गर्दा सूचना र सञ्चार क्षेत्रलाई छुट्टा छुट्टै नियमन गर्न अत्यन्त गाह्रो हुने अवस्था रहेको छ। नेपालमा हालसम्म पनि इन्टर्नेट Content सम्बन्धी नियमन गर्ने कुनै ब्यवस्था नभएको अवस्था छ। साथै दूरसञ्चार क्षेत्र बाहेकका अन्य क्षेत्रहरु (जस्तैः शिक्षा, स्वास्थ्य, स्थानिय विकास, बैङ्क

तथा बित्तिय संस्था आदि) ले पनि दूरसञ्चारको पूर्वाधार प्रयोग गरी बिभिन्न किसिमका सेवाहरु प्रदान गरिरहेको बर्तमान अवस्थामा नयाँ दूरसञ्चार नीति तर्जुमा गर्दा माथि उल्लिखित बिषयहरुलाई समेत सम्बोधन हुने गरी नयाँ नीति तर्जु गरी ऐन, नियमलाई पनि सोही अनुरुप संशोधन गरी ICT को विकासलाई प्रवर्द्धन गरिनेछ ।

५.३ Tariff and Interconnection Guidelines संशोधन गर्नुपर्नेः दूरसञ्चार क्षेत्रमा भएको प्रतिस्पर्धालाई बढावा दिनका साथै नयाँ प्रविधि र सेवालाई समावेश गर्न बिद्यमान Tariff and Interconnection Guidelines लाई अन्तर्राष्ट्रिय दूरसञ्चार सेवाको अन्तरआवद्दता शुल्क समेत नियमन गर्ने गरी संशोधन गरिनेछ ।

५.४ Broadband Policy लागू गर्नु पर्नेः Broadband को पहुँच १०% ले बढेमा राष्ट्रको कुल ग्राहस्थ उत्पादन (Gross Domestic Producr “GDP”) पनि १.३८% ले बढ्ने तथ्य बिश्व बैंकको अध्ययनबाट पुष्टी भईसकेकोले Broadband को पहुँच बढाई गाउँ गाउँमा समेत Broadband उपलब्ध गराई राष्ट्रको समग्र विकासमा योगदान पुर्याउनका लागि Broadband Policy लागू गर्नु पर्ने देखिन्छ। साथै UN Broadband Commission को लक्ष्य अनुसार Broadband सेवाको दर औसत मासिक अम्दानीको ५% भन्दा कम गर्न पहल गरिनेछ |

५.५ Health Hazard सम्बन्धमाः तार रहित दूरसञ्चार सेवा सञ्चालनको क्रममा प्रयोगमा आएका Tower जडान र Wireless उपकरणबाट हुन सक्ने radiation बाट पर्न सक्ने असरका सम्बन्धमा सर्वसाधारणहरुलाई सुसुचित गर्न र ब्यवस्थित शहरको अवधारणलाई सहयोग पुर्याउन Tower जडान सम्बन्धि निर्देशिका तयार पार्नु पर्ने देखिन्छ । उक्त निर्देशिकाले Tower जडानबाट आम मानिसमा पर्न सक्ने असरका सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्नेछ । जसले Tower सम्बन्धि कार्य गर्न सेवा प्रदायकहरुलाई समेत मार्गदर्शनको रुपमा कार्य गर्नेछ । यस सम्बन्धमा प्राधिकरणबाट भईरहेको अध्ययनलाई पूर्णता दिइनेछ |

५.६ फ्रिक्वेन्सी नीतिको कार्यान्वयनः फ्रिक्वेन्सी नीतिको कार्यान्वयन गरी नीतिले निर्दिष्ट गरेको प्रक्रिया मार्फत 3G, LTE को फ्रिक्वेन्सी वितरण गर्नुका साथै Broadband Wireless Access (BWA) को लागि आवश्यक फ्रिक्वेन्सीको बढाबढ (Auction) सम्बन्धि कार्य तयार गरिनेछ । Data सेवा प्रदान गरी दशकदेखि कार्य गरिरहेका सेवा प्रदायकहरुको हकमा समेत समुचित निर्णय गरी Data सेवा लाई ब्यवस्थित र प्रभावकारी बनाउन आवश्यक वाताबरण बनाइनेछ। यसबाट ग्राहकहरुलाई

सेवाको छनौट गर्ने अवसर प्रदान गर्नुका साथै नयाँ प्रविधि र सेवाको छनौट गर्न पाउने अवस्था सृजना गरिनेछ ।

